स्थानीय सरकार

# फतुवा विजयपुर नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

लक्ष्मिनिया (दो.),रौतहट

मधेश प्रदेश, नेपाल

पत्र संख्या:-२०८२/०८३

चलानी नं.

मितिः-२०८३/०३/३२

विषयः-सामाजिक सुरक्षा भत्ता परिचयपत्र नविकरण सम्वन्धी सूचना ।

श्री सबै वडा कार्यालय

फतुवा विजयपुर नगरपालिका,रौतहट।

उपरोक्त सम्बन्धमा महिला, बालबालिका, लैङ्गिक तथा यौनिक,अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालय सिंहदरवार,काठमाण्डौंको प.सं. २०८२/०८३ चलानी नं.६७० मिति २०८३/०३/३१ गतेको प्राप्त पत्र बमोजिम तथा सामाजिक सुरक्षा नियमावली २०८२ को नियम (९) बमोजिम असोज मसान्त भित्रमा सामाजिक सुरक्षा परिचयपत्र नवीकरण गर्नु पर्ने व्यवस्था भएकोले वडा नं.१ देखि वडा नं.११ सम्मका सम्पूर्ण लाभग्राहीहरुले मिति २०८३ श्रावण १ गते देखि २०८३ असोज मसान्त भित्रमा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने व्यक्ति स्वयम् आफै उपस्थित भई सम्बन्धित वडा कार्यालयमा सामाजिक सुरक्षा भत्ता परिचयपत्र नवीकरणको लागी निवेदन दिनु हुन जानकारीको लागी अनुरोध छ । साथै समयमा सामाजिक सुरक्षा नवीकरण नगराएमा सामाजिक सुरक्षा भत्ता प्राप्त नहुने व्यहोरा जानकारी गराईन्छ ।

आवश्यक कागजातहरुः

- सामाजिक सुरक्षा कार्यविधि २०८२ को अनुसूची-३ को ढाँचा अनुसारको निवेदन (वडा कार्यालयमा उपलब्ध हुनेछ ।)
- भत्ता बुझ्ने परिचयपत्रको प्रतिलिपि
- नेपाली नागरिकता प्रमाणपत्र प्रतिलिपि ।
- राष्ट्रिय परिचयपत्र प्रमाणको प्रतिलिपी
- पासपोर्ट साईज फोटो २ प्रति
- विधवा महिलाको हकमा पतिको मृत्यु दर्ता प्रमाणपत्रको प्रतिलिपि
- ६० वर्ष मुनिका विधवाको हकमा अर्को विवाह नगरेको सिफारिस ।
- वालवालिकाको हकमा जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि/सरक्षकको नागरिकता प्रमाणपत्रको प्रतिलिपि
- आपाङ्गको हकमा आपाङ्गता परिचयपत्रको प्रतिलिपि/सरक्षकको नागरिकता प्रमाणपत्रको प्रतिलिपि

(नोटः १. सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०८२ को दफा ५ बमोजिम सोह वर्ष उमेर पूरा नभएको वालबालिका, आफ्नो हेरचाह आफै गर्न नसक्ने अशक्त र नब्वे वर्ष माथिका ज्येष्ठ नागरिकहरुलाई लाभग्राहीमा सूचिकृत हुन राष्ट्रिय परिचय नम्बर अनिवार्य हुने छैन।

..............................
विरेन्द्र ठाकुर लोहार
एम.आई.एस.अँपरेटर

..............................
हरेन्द्र राय यादव
पञ्जीकरण शाखा प्रमुख

Website:www.phatuwabijaypurmun.gov.np gmail.fatuwabijaypur@gmail.com